# बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशित मिति २०७७/०९/२४

यस प्रतिष्ठानमा स्टेशनरी तथा सरसफाईका सामानहरुको आपूर्ति बोलपत्रबाट गर्नु गराउनु पर्ने भएकोले इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कारोबारको इजाजत पत्र, फर्म दर्ता प्रमाण पत्र, आयकर प्रमाण पत्र, स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.ब. २०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र यस प्रतिष्ठानमा बोलपत्र दर्ता गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत विवरण प्रतिष्ठानको सूचना पाटी र प्रतिष्ठानको वेभ साइट **www.nathm.edu.np** मा हेर्न सकिनेछ ।


नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

**नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान**

रविभवन, कालिमाटी, काठमाडौं ।

फोन नं.: ९७७-०१-५९७०६०५

**बोलपत्र आह्वानको सूचना**

नेपाल सरकार

संस्कृति ,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान

## स्टेशनरी तथा सरसफाईका सामानहरु आपूर्तिका लागि बोलपत्र आह्वान

(प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७७/०९/२४)

**ठेक्का नं. :** NATHM/04-077/78

१. नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान योग्य बोलपत्रदाताहरूबाट, राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तर्गत, आर्थिक वर्ष २०७७/७८ को लागि स्टेशनरी तथा सरसफाईका सामानहरु खरिद गर्न यो बोलपत्र आह्वान गर्दछ ।

२. योग्य बोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्वन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्:
नेपाल पर्यटन तथा होटल व्यवस्थान प्रतिष्ठानको टेलिफोन नं. ९७७-०१-४९७०६०५ र प्रतिष्ठानको वेभ साइट www.nathm.edu.np मा पनि हेर्न सकिनेछ ।

३. योग्य बोलपत्रदाताले बोलपत्र सम्वन्धी कागजातहरु सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु.३०००। (तीन हजार) (फिर्ता नहुने) पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी गरिएको बोलपत्र नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त बोलपत्र स्वीकार गरिने छैन ।

५. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको २.०० बजे खोलिनेछ । बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० (नब्बे) दिनसम्मको लागि बोलपत्र मान्य हुनेछ । बोलपत्रको साथ रु.८०,०००। (अस्सी हजार) बोलपत्र जमानत वापत कालिमाटी स्थित कृषि विकास बैंक कालिमाटी शाखामा रहेको चल्ती खाता नं. ०२१०३००१६६९९८०१४ मा जम्मा गरी सोको सक्कल भौचरमा जम्मा गरेको सक्कल भौचर (दाश्रो प्रति) वा मान्यता प्राप्त वाणिज्य बैंकहरुवाट नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको नाममा जारी भएको बिड सेक्युरिटी पत्र पेश गर्नु पर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अवधि बोलपत्रको मान्य हुने अवधिभन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ ।

६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना गरिने छ ।

७. बोलपत्र फाराम पेश गर्दा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.ब. २०७६/७७ को कर चुक्ता प्रमाणपत्र र बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्तहरु बमोजिमका आवश्यक प्रमाणपत्रहरु पेश गर्नुपर्नेछ ।

८. बोलपत्र प्रस्ताव स्वीकृत भएको फर्म वा संस्थाले बोलपत्रमा उल्लेख भए अनुसारको गुणस्तरीय सामान यस प्रतिष्ठानको आवश्यकता बमोजिम आपूर्ति गर्नु पर्नेछ ।

९. बोलपत्रदाताले SOR (Specification of Requirements) मा उल्लेखित सम्पूर्ण स्टेशनरी तथा सरसफाईका सामानहरुका लागि कबोल अंक उल्लेख गर्नुपर्नेछ, आंशिक रुपमा उल्लेखित कबोल रकमलाई स्वीकार गरिने छैन ।

१०. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहने छ ।

११. यो सूचना र बोलपत्र सम्बन्धी कागजातमा स्पष्ट नभएका विषयहरु प्रचलित कानून, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६३ तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

नेपाल सरकार
संस्कृति तथा नागरिक उड्डयन मन्त्रालय ... प्रतिष्ठान